# नवलपुर जिल्ला अदालतवाट जारी भएको

# सूचना

कोभिड-१९ को विश्वव्यापी महामारीको कारण सम्मानीत सर्वोच्च अदालतको निर्णयानुसार मिति २०७६।१२।०९ गते देखि अदालतका अत्यावश्यक सेवा बाहेक अन्य सम्पूर्ण सेवाहरु स्थगित हुदै आएकोमा नेपाल सरकारले मिति २०७६।१२।११ गते देखि मुलुक भरी लागू हुने गरी बन्दाबन्दी (लकडाउन) आदेश जारी गरेको र सो सम्बन्धी व्यवस्था २०७७ श्रावण ६ गते मंगलबार (तदनुसार २०२० जुलाई २१) मध्यरातपछि अन्त्य गर्ने गरी नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७७ श्रावण ५ गते निर्णय भएकोमा लकडाउन खुलेको मिति सम्मको अवधिलाई न्यायिक कामकारवाहीको प्रयोजनको लागि शुन्य अवधि मानी (हदम्याद, म्याद वा तारेख नगुज्रने गरी) मिति २०७७।०४।०७ गते देखि तपसिल बमोजिम हुने गरी सम्मानीत सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेशको व्यवस्था र प्रदान भएको सुविधामा प्रतिकुल असर नपर्ने गरी यस अदालतबाट कानून बमोजिम प्रवाह हुने सम्पूर्ण सेवा नियमित सुचारु राखिएको वेहोरा सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१) यस जिल्लाभित्र रहनु भएका सेवाग्राहीहरुको हकमा मिति २०७७।०४।०८ गते देखि बाटोको म्याद बाहेक ३० दिन भित्र उपस्थित भई सेवा लिन सकिने छ।

२) अर्को जिल्लामा रहनु भएका सेवाग्राहीहरुको हकमा मिति २०७७।०५।०१ गते देखि बाटोको म्याद बाहेक ३० दिन भित्र उपस्थित भई सेवा लिन सकिने छ।

३) यस अदालतमा प्रवेश गर्नु पूर्व मूल गेटमा व्यवस्था गरिएको साबुनपानीले अनिवार्य रुपमा हात धोई मास्क प्रयोग गरी सामाजिक दुरी कायम गरिदिनु होला।

४) फिरादपत्र दर्ता काउन्टरमा पेश भएपछि सम्बन्धित सेवाग्राहीलाई टोकन नंवर उपलब्ध गराइने र नाम बोलाएपछि मात्र पुन काउन्टरमा उपस्थित भई दर्ता गर्ने प्रबन्ध मिलाइएको छ।

५) आवश्यकता अनुसार भिडभाड नहुने गरी प्रत्येक फाँटमा फाँटसँग सम्बन्धित कामको प्रयोजनको लागि एक पटकमा अधिकतम १० जना सम्म सेवाग्राहीहरु अदालतभित्र प्रवेश गरी सेवा लिन सक्नुहुनेछ।

६) अदालतमा हुने अनावश्यक भिड कम गर्न एवम् स्वास्थ्य जोखिमलाई ध्यान दिई सम्बन्धित सेवाग्राही एवम् कानून व्यावसायी बाहेकका मानिसहरु अदालत प्रवेश नगरिदिनु हुन अनुरोध गरिन्छ।

नवलपुर जिल्ला अदालत
कावासोती, नवलपरासी(व.सु.पूर्व)